आज मिति २०७६ साल आषाढ महिनाको १० गते मंगलबारकाका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धरज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो।

## तपशिल

| दस्तखत | पदाधिकारीको नाम,थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | प्र.प्र.अ.श्री केशब राज पौडेल | सदस्य-सचिब |
| | श्री बिदुर सिग्देल | स्वास्थ्य अधिकृत |
| आमन्त्रित | श्री नोल बहादुर थापा | नायबसुब्बा(सहायक पाँचौं ) |

प्रस्तावहरु :

१. हरिनास गाउँपालिकाको निति तथा कार्यक्रम सम्बन्धमा ।

२. नब नियुक्त प्रमुख प्रशासकीय अधिकृतको स्वागत, सम्मान धन्यवाद एवम आर्थिक कारोबार संचालन सम्बन्धमा ।

३. सहायक प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. औधोगिक ग्राम सम्बन्धमा ।

६. वडा सचिव सम्बन्धमा ।

७. गाउँपालिकामा सार्वजनिक बिदा दिने सम्बन्धमा ।

८. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

९. कार्यक्रमको लागि रकम उपलब्ध गर्ने सम्बन्धमा ।

१०. घुम्ती चिसापानी चित्रे सडक कालोपत्रे योजना माग सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नम्बर १

प्रस्ताब न.१माथि छलफल गर्दा हरिनास गाउँपालिकाको आ.बा.२०७६/७७को निति तथा कार्यक्रमको मस्यौदा माथि छलफल गर्दा प्रस्तुत नीति तथा कार्यक्रमलाइ संशोधन सहित पारित गर्ने र उक्त संशोधित नीति तथा कार्यक्रम मिति २०७६-३-१०गते दिनको ३:३०बजे बस्ने पाचौं गाउँ सभा एबम बर्षे(बजेट) अधिबेशनको पहिलो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर २

प्रस्ताब न.२ माथि छलफल गर्दा यस गाउँ पालिकामा नेपाल सरकार सामान्य प्रशासन तथा संघिय मामिला मन्त्रालयबाट यस गाउँ-पालिकाको लागि प्रमुख प्रशासकीय अधिकृतको रुपमा मिति २०७६/३/१/देखि खटिइ आउनु भएका श्री केशब राज पौडेललाइ स्वागत सम्मान गर्ने र सोहि मन्त्रालयको मिति २०७६/१/२३ गतेको निर्णय बमोजिम यस गाउँ पालिकाको आर्थिक एबंम प्रशासनिक काम काज गर्ने गरि निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकिनु भएका गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य अधिकृत बिदुर सिग्देललाइ हार्दिक धन्यबाद दिने निर्णय गरियो साथै यस आर्थिक बर्षको अन्त्यको समय भएको हुदा आर्थिक कारोबार(हरिनास गाउँपालिकाको नाममा रहेका बैंक खाताहरु संचालन

लगाएतका काम श्री बिदुर सिग्देल र लेखापाल (लेखा प्रमुख ) श्री मनोज पोखेलबाट नै संचालन गर्नेगरि जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नम्बर ३

प्रस्ताब नम्बर ३ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यलयको स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य अधिकृत छौटौ तह श्री बिदुर सिग्देललाइ यस गाउँपालिकाको सहायक प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम काज गर्ने गरि तोक्ने निर्णय गरियो ।

निर्णय नम्बर ४

प्रस्ताब न. माथि छलफल गर्दा वडा न.५ र ७ मा कार्यरत वडा सचिब को असामयिक निधन पश्चात उक्ता वडामा सचिब पद रित्त रहेको हुदा उक्त यस पदमा मौजुदा कर्मचारीबाट कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय न.५

प्रस्ताब न. ५ माथि छलफल गर्दा यस गाउँ पालिकामा उधोग ग्रामको स्थापनाको लागि सम्बन्धित निकायबाट स्थान सिफारिस गरि पठाउनको लागि लेखि आएको हुदा हरिनास गाउँ पालिका वडा न....र हरिनास गाउँ पालिका वडा न..........को स्थानमा रहेको

करिब ..........र ...............रोपनी जग्गा भएको स्थानलाई सिफारिस गरि पठाउने गरि निर्णय गरियो ।

निर्णय न.६

प्रस्ताब न.६माथि छलफल गर्दा यस गाउँ पालिका का वडा न. ५ र ७ का सचिब हुम बहादुर थापाको असामयिक निधन भएकोमा गाउँ पालिकाको तर्फबाट निजको परिवारलाई रु पाँच लाख मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न.७

प्रस्ताब न.७माथि छलफल गर्दा यस गाउँपालिकाका वडा न. ५ र ७ का सचिब हुम बहादुर थापाको असामयिक निधन भएकोमा निजको सम्झानामा शोक मनाउन गाउँ पालिका भित्र गाउँ पालिका मातहतका कार्यालयमा एक दिन स्थानीय सार्बजनिक बिदा(मिति २०७६/३/१२ गते )दिने निर्णय गरियो ।

निर्णय न.८

प्रस्ताब न.८ माथि छलफल गर्दा यस गाउँपालिका वडा न.५ र ७ को वडा सचिवको रुपमा कार्यभार समाल्दै आउनु भएका हरिनास ७ निवासी श्री हुम बहादुर थापाको मिति २०७६/३/ ७ गते शनिबार सडक दुर्घटनामा परि असामयिक निधनले सिंगो हरिनास गाउँ पालिकाले एक कर्मठ,इमान्दार,कर्मचारीलाई गुमाएको छ,यस दुखद

घडीमा सिंगो हरिनास गाउँपालिका भाव बिहाल, मर्माहत भएको छ स्विर्गीय आत्माको चिर शान्तिको कामनाका साथमा निज प्रति श्रदान्जली अर्पण गर्दै शोक शन्तब्ध परिवार जनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यसै गाउँपालिका स्थित वडा नं.२ र ३ न.मा अवस्थित फेदी खोलामा तत्कालिन जिल्ला बिकास समितिको कार्यालय स्याङ्जा बाट निर्माण सम्पन्न भै सकेको पुलको उदघाटन नभएको हुँदा उक्त पुलको उदघाटन, लागि यस अगाडि कार्यपालिकाको बैठकबाट माथिल्लो सहेले बाध निर्माण योजनाको लागि विनियोजन गरिएको ८० हजार मध्येबाट ३० हजार प्रगतिशिल आमा समूह हरिनास ३ लाई कार्यक्रम खर्च बापत उपलब्ध गराउने गरि रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय न. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिनास गाउँपालिकाको कार्यालय देखि जिल्ला सदरमुकाम आवत जावत गर्न तनहुँ, कास्की जिल्ला हुदै जानु पर्ने अवस्था रहेको र विगत धैरै समय अगाडि देखि घुम्ती चिसापानी चित्रे सडक चर्चामा रहेको र हाल सम्म कुनै पनि योजनाहरु नपरेको हुँदा घुम्ती चिसापानी चित्रे सडकलाई पहिले प्राथमिकतमा राखी कालोपत्रेको लागि प्रदेश सरकार तथा संघ सरकार सँग घुम्ती चिसापानी चित्रे सडक कालोपत्रे योजना माग गर्ने निर्णय गरियो ।